बैठक नं.९६

आज मिति २०७८/१२/१६ गतेका दिन बुटवल उपमहानगरपालिकाका प्रमुख श्रीमान् शिवराज सुवेदीज्यूको अध्यक्षता र देहायका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : विहान ८:०० बजे ।

स्थान : नगर कार्यपालिकाको भवन ।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिवराज सुवेदी | प्रमुख | |
| २ | गुमा देवी आचार्य | उपप्रमुख | |
| ३ | महेन्द्र प्रसाद लिगल | सदस्य | |
| ४ | रमेश प्रसाद नेपाल | सदस्य | |
| ५ | सरस्वती कुँवर | सदस्य(का.वा. वडाध्यक्ष) | |
| ६ | टंक प्रसाद पराजुली | सदस्य | |
| ७ | तेज बहादुर सुनार | सदस्य | — |
| ८ | जगदिश चन्द्र आचार्य | सदस्य | |
| ९ | कमल प्रताप थापा | सदस्य | |
| १० | भिम बहादुर श्रेष्ठ | सदस्य | |
| ११ | बिष्णु बहादुर थापा | सदस्य | |
| १२ | पदम बहादुर थापा | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | दुर्गा प्रसाद सुवेदी | सदस्य | |
| १५ | नारायण प्रसाद पुन | सदस्य | — |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | डम्मर बहादुर भण्डारी | सदस्य | |
| १८ | राम प्रसाद रेग्मी | सदस्य | |
| १९ | सन्त बहादुर राना | सदस्य | |
| २० | सुमित्रा गाहा | सदस्य(का.वा. वडाध्यक्ष) | सुमित्रा |
| २१ | हिम बहादुर खत्री | सदस्य | |
| २२ | डिलं प्रसाद नेपाली | सदस्य | |
| २३ | रन्जित शेरचन | सदस्य | |
| २४ | माया देवी वराल (विश्वकर्मा) | सदस्य | — |
| २५ | बिमला श्रेष्ठ | सदस्य | |
| २६ | सिता कुमारी थापा | सदस्य | |
| २७ | शुष्मा कुमारी अर्याल | सदस्य | |
| २८ | विष्णु कुमारी शर्मा | सदस्य | — |
| २९ | मित्रमणी खनाल | नि.प्रमुख प्रशासकीय अधिकृत | |

**प्रस्ताव नं.९६.१**
**मिति २०७८।११।३० मा बसेको नगरकार्यपालिकाको ९५ औं वैठकबाट भएका निर्णयहरुको समीक्षा सम्बन्धमा ।**
**निर्णय नं.९६.१**

- एकल महिला संजाल गठन तथा संचालन कार्यविधि, २०७८ टेवुल गरिएको ।
- बुटवल उपमहानगरपालिकाको ६३ औं स्थापना दिवसको अवसरमा विभिन्न विधा र क्षेत्रका संघसंस्था एवं व्यक्ति व्यक्तित्वहरुलाई वितरण गर्ने गरी भएको सम्मान पुरस्कार सम्बन्धी निर्णय अनुमोदन गरिएको ।
- बुटवल उपमहानगरपालिकाले आ.व.०७७/०७८ मा स्वमूल्यांकन प्रणाली अर्न्तगत प्राप्त गरेको ९०.५ प्रतिशत प्राप्ताङ्क प्रमाणीकरण गरिएको ।

**प्रस्ताव नं.९६.२**
**पशुवधशाला निर्माणको वातावरणीय परीक्षणको अन्तिम प्रतिवेदन (IEE) स्वीकृत सम्बन्धमा ।**
**निर्णय नं.९६.२**
बुटवल उपमहानगरपालिका वडा नं.१० स्थित रामनगरमा हेफर नेपालको प्राविधिक सहयोगमा निर्माणाधिन आधुनिक पशुबधशाला निर्माण प्रयोजनका लागि श्री Environment & Engineering Research Center Pvt.Ltd. बाट प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गराइएकोमा उक्त परामर्शदाताले पेश गरेको प्रारम्भिक वातावरणीय परीक्षण(IEE) को परिमार्जित अन्तिम प्रतिवेदन प्रस्तुत भई छलफल गरियो । प्राप्त राय सुझावहरु समेत समावेश भएको पाईएको हुँदा परामर्शदाताबाट प्राप्त प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन (IEE) को अन्तिम प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.९६.३**
**तिनाउ (दानव नदी (वडा नं.१६) को प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) को Review र नदीजन्य पदार्थ उत्खनन सम्बन्धी कार्ययोजना स्वीकृत सम्बन्धमा ।**
**निर्णय नं.९६.३**
नदीजन्य पदार्थको उत्खननका सम्बन्धमा आ.व. २०७७/०७८ मा स्वीकृत गरिएको प्रारम्भिक वातावरणीय परीक्षण (तिनाउ दानवको छुट्टाछुट्टै) प्रतिवेदनको परिधिभित्र रही नदीजन्य पदार्थ उत्खनन भएकोमा चालु आ.व.का लागि उक्त प्रतिवेदन पुनरावलोकन गरिएकोमा उक्त IEE को पुनरावलोकन प्रतिवेदन स्वीकृत गरियो । स्वीकृत पुनरावलोकन प्रतिवेदनको आधारमा तयार भई पेश भएको नदीजन्य पदार्थको उत्खनन तथा विक्री वितरण सम्बन्धी कार्ययोजना स्वीकृत गरी चालु आ.व. मा देहाय बमोजिमको क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन, घाटगद्दी तथा ओसार पसार एवं विक्री वितरण गरी नदीजन्य पदार्थ व्यवस्थापन गर्ने निर्णय गरियो । साथै सीमा नदीको नदीजन्य पदार्थ विक्री वितरण सम्बन्धमा तत् तत् पालिकासँग सहमति भएमा सहमति भए अनुरुप र आफ्नो क्षेत्रभित्र पर्ने गरी नदीजन्य पदार्थ व्यवस्थापन गर्ने र राष्ट्रिय महत्व रहेका आयोजना, प्रदेशस्तरीय महत्वका आयोजना तथा स्थानीय स्तरका महत्वपूर्ण आयोजनाहरुका लागि नदीजन्य पदार्थको अभाव हुन नदिन आयोजनाको महत्व, सम्बन्धित आयोजना कार्यालयबाट सो आयोजनाका लागि आवश्यक नदीजन्य पदार्थको परिमाण एकिन गरी सिफारिस भएमा बुटवल १७ स्थित हरिहरपुरघाट २ को

IEE ले उल्लेख गरेको परिमाण नबढ्ने गरी न्यूनतम मूल्य (भ्याट सहित) मा उपलब्ध गराउने समेत निर्णय गरियो ।

देहाय :

१.तिनाउ नदी वडा नं.१७ हरिहरपुरघाट ।

२.वडा नं.१८ सौराहाघाट नाका ।

३.दानव नदी वडा नं.१६ कर्साघाटका नाकाहरु ।

**प्रस्ताव नं.९६.४**

**वडा नं. १२ र १३ को फोहर व्यवस्थापन सम्बन्धमा ।**

**निर्णय नं.९६.४**

बुटवल उपमहानगरपालिका वडा नं.१२ र १३ को फोहर संकलन र व्यवस्थापन कार्य नगरपालिका कार्यालयबाट हुँदै आएकोमा उक्त क्षेत्रको बस्ती र बजार विस्तारसँगै फोहर संकलन र व्यवस्थापन कार्यलाई दैनिक र नियमित हुने गरी बन्दोबस्ती गर्नुपर्ने भएको, वडा नं.१४-१९ का क्षेत्रमा समेत नगरपालिका कार्यालयबाट फोहर संकलन र व्यवस्थापन कार्य गर्न थालिएको तर नगरपालिका कार्यालयको हालको मौजुदा जनशक्ति र स्रोत साधनबाट मात्र फोहर व्यवस्थापनमा कठिनाई भैरहेको हुँदा तत्काल वडा नं.१२ र १३ को बन्दोबस्ती मिलाउन आवश्यक भएकोले कार्य अनुभव, साधन श्रोत परिचालनको क्षमता र कार्यरत रहेको अवस्थाका आधारमा हाल बुटवल उपमहानगरपालिकाको वडा नं.१-६ सम्मको फोहर संकलन व्यवस्थापन कार्य गरिरहेको साझेदार संस्था वातावरणीय सुन्दर नेपाल प्रा.लि.को क्षेत्र विस्तार हुने गरी बन्दोबस्ती मिलाउदा उपयुक्त र प्रभावकारी हुने देखिएको र सेवा विस्तार गर्दा नयाँ क्षेत्र भएको कारण २०७९ वैशाख मसान्तसम्म एक महिनालाई परीक्षण अवधि मानी उक्त अवधिको निशुल्क सेवा प्रदान गर्ने र नयाँगाउँ खानेपानी तथा सरसफाई उपभोक्ता समितिसँग सहकार्य गरेपछि सोही बमोजिम हुने गरी उक्त प्रा.लि. र नगरपालिकाबीच भएको मौजुदा सम्झौता कै सेवा शर्त तथा प्रावधानहरुका आधारमा कार्य गर्ने/गराउने गरी वडा नं. १२ र १३ को समेत फोहर संकलन तथा व्यवस्थापन सम्बन्धी कार्य हाललाई वातावरणीय सुन्दर नेपाल प्रा.लि. लाई जिम्मेवारी दिई बन्दोवस्ती मिलाउने निर्णय गरियो ।

**प्रस्ताव नं.९६.५**

**एकल महिला संजाल गठन तथा संचालन कार्यविधि, २०७८ स्वीकृत सम्बन्धमा ।**

**निर्णय नं.९६.५**

मिति २०७८।११।३० को वैठकमा प्रस्तुत भई टेवुल भएको एकल महिला संजाल गठन तथा संचालन कार्यविधि माथि आज दफावार छलफल गरियो । उक्त कार्यविधि आवश्यक समेत भएको हुँदा स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.९६.६**

**कृषि विकास कार्यक्रम संचालन कार्यविधि, २०७६ (पहिलो संशोधन, २०७८) सम्बन्धमा ।**

**निर्णय नं.९६.६**

कृषि विकास कार्यक्रम संचालन कार्यविधि, २०७६ मा संशोधन गर्न आवश्यक भएको हुँदा देहाय बमोजिम हुने गरी संशोधन गर्ने निर्णय गरियो ।

| ऐनको दफा, उपदफा | भएको व्यवस्था | थप हुनुपर्ने व्यवस्था | कारण |
|---|---|---|---|
| दफा ५(च) को पहिलो प्याराग्राफ | यो कार्यक्रम बिशेषत शहर बजार क्षेत्रका १ देखि ११ वडामा लक्षित रहने छ । | यो कार्यक्रम बिशेषत शहर बजार क्षेत्रका १ देखि १३ वडामा लक्षित रहने छ । | बस्ति विस्तार हुने क्रम संग सँगै बढदो वजारीकरणका कारण वडा नं १२ र १३ पनि खाद्य पोषण तथा कौशि खेति कार्यक्रममा समावेश गर्न आवश्यक देखिएको । |
| दफा ५(च) को (२) | कार्यक्रम संचालनका लागि वडा अर्न्तगत रहेका टोल विकास संस्था,समुह, कृषि विज्ञहरुले प्रस्ताब पेश गर्न सक्ने छन्त । | कार्यक्रम संचालनका लागि वडा अर्न्तगत रहेका टोल विकास संस्था,समुह, कृषि विज्ञ, सहकारी लगायत अन्य संघ संस्थाहरुले प्रस्ताब पेश गर्न सक्ने छन । | घरायसी फोहरको उचित ब्यबस्थापन गरी फोहरलाई मोहर बनाउन कार्यक्रम भएकाले सहकारी लगायतका अन्य सघ संस्थाहरुबाट कौशि खेति कार्यक्रम संचालनका लागि लागत सहभागितामा कार्यक्रम संचालन गर्न प्रस्तावहरु आई रहेको हुदाँ सहभागी गराउन सके अझ बढी प्रभावकारी हुने हुदाँ संसोधन आबश्यक भएको । |

**प्रस्ताव नं.९६.७**

**बुटवल उपमहानगरपालिकाको नगर सहकारी नियमावली, २०७८ मा (पहिलो संशोधन, २०७८) संशोधन सम्वन्धमा ।**

**निर्णय नं.९६.७**

बुटवल उपमहानगरपालिकाको नगर सहकारी नियमावली, २०७८ मा संशोधन गर्नुपर्ने भएको हुँदा उक्त नियमावलीमा देहाय बमोजिम हुने गरी संशोधन गर्ने निर्णय गरियो ।

देहाय :

| सि.नं. | नियमावलीको नियम ५ को उपनियम ३ मा भएको व्यवस्था | संशोधन हुनुपर्ने व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| १ | उपनियम (१) र (२) बमोजिमको मापदण्ड भन्दा वढी भएका बचत तथा ऋणको मुख्य कारोवार गर्ने संस्थाहरु नियमावली लागु भएको दुई वर्ष भित्र नियम २९ वमोजिम एकीकरण भई सक्नु पर्नेछ । | उपनियम (१) र (२) वमोजिमको मापदण्ड भन्दा वढी भएका बचत तथा ऋणको मुख्य कारोवार गर्ने संस्थाहरु नियमावली लागु भएको दुई वर्ष भित्र नियम ३० वमोजिम एकीकरण भई सक्नु पर्नेछ | सहकारी नियमावली २०७८ को नियम ५ को उपनियम ३ मा नियम ३० वमोजिम हुनु पर्नेमा नियम २९ वमोजिम भएकोले |

**प्रस्ताव नं.९६.८**

**गैरसरकारी संघसंस्था दर्ता तथा नियमन सम्बन्धी नियमावली, २०७६ संशोधन सम्बन्धमा ।**

**निर्णय नं.९६.८**

गैरसरकारी संघसंस्था दर्ता तथा नियमन सम्बन्धी नियमावली, २०७६ मा संशोधन गर्न आवश्यक भएको हुँदा उक्त नियमावलीमा देहाय बमोजिम हुने गरी संशोधन गर्ने निर्णय गरियो ।

| सि.न | ऐन नियम , कार्यविधि | भएको व्यवस्था | थप हुनुपर्ने |
|---|---|---|---|
| १. | **बुटवल उपमहानगरपालिकाको संस्था दर्ता तथा नियमन सम्बन्धी नियमावली ,२०७६** | क) नियम ३ (१) ऐन बमोजिम संस्था दर्ता गर्न चाहने व्यक्तिहरुले दुई हजार रुपैया दस्तुर सहित प्रमुख प्रशासकीय अधिकृत समक्ष अनुसूची १ मा तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ । | क) नियम ३( १) मा थप बुदाँ , उक्त निवेदन साथ कार्य समितिका सदस्यहरुको नागरिकताको प्रतिलिपि , तिन पुस्ते विवरण , स्थायी ठेगाना खुलेको प्रमाण पत्र , सम्बन्धित वडाको सिफारिस ,मोबाइल नम्बर सहित कार्यसमिति सदस्यको १,१ प्रति फोटो र कार्यसमितिका सदस्यहरुको आचरण ठीक छ भन्ने प्रहरी रिपोर्ट पेश गर्नु पर्नेछ ।<br><br>ख) संस्था दर्ता तथा नवीकरण गर्ने सम्बन्धमा संस्थाको निर्णय |
| | | ख) नियम ५ (७) प्रचलित ऐन कानूनको परिधि भित्र रहेर विगतमा अन्य निकायमा दर्ता भई यस नगर क्षेत्रलाइ कार्यक्षेत्र बनाई संचालनमा भएका वा हुने संस्था नवीकरणका लागि सिफारिस माग गर्न आएमा र कार्यक्षेत्रका लागि अनुमति माग्न आएमा यस बुटवल उपमहानगरपालिकामा सूचिकृत पछि मात्र सिफारिस र कार्यक्षेत्र अनुमति दिइनेछ । त्यसरी नवीकरण सिफारिस गर्दा आवश्यक कागजात पेश गर्नु पर्नेछ र तोकिएको दस्तुर तिर्नु पर्नेछ ।<br>संस्थाको घर कोठा र सटर बहाल मा दिएको भए नियमानुसारको बहाल कर लिइनेछ । | ग) नियम ५(७) प्रचलित ऐन कानूनको परिधि भित्र रहेर विगतमा अन्य निकायमा दर्ता भई यस नगर क्षेत्रलाई कार्यक्षेत्र बनाई संचालन भएका वा हुने संस्था नवीकरणका लागि सिफारिस माग गर्न आएमा र कार्यक्षेत्रका लागि अनुमति माग्न आएमा यस बुटवल उपमहानगरपालिकामा सूचिकृत पछि मात्र सिफारिस र कार्यक्षेत्र अनुमति दिइनेछ । त्यसरी नवीकरणका लागि सिफारिस गर्दा आवश्यक कागजात पेश गर्नु पर्नेछ र तोकिएको दस्तुर तिर्नु पर्नेछ । संस्था संचालनका लागि घर कोठा र सटर बहाल मा दिएको भए नियमानुसारको बहाल कर लिइनेछ । साझेदार दातृ संस्थाको सहयोगमा काम गर्ने संघसंस्थाको कार्यक्षेत्र अनुमति तथा कार्यक्रम स्वीकृति तथा कार्यक्रम सम्पन्न पत्र सम्बन्धित निकायमा सिफारीस गर्दा रु.२०००। दस्तुर बुझाउनु पर्नेछ । |

| | | | |
|---|---|---|---|
| | | ग) नियम ५ (८) यस नगरक्षेत्रलाई कार्यक्षेत्र बनाई काम गर्ने संघसंस्थाहरु यो नियमावली स्वीकृत भएको मितिले ६ महिना भित्र यस नगरकार्यपालिका को कार्यालयमा सूचिकृत हुनु पर्नेछ । सुचिकृत को निवेदन अनुसुचि ५ र सुचिकृत प्रमाणपत्र अनुसूची ६ बमोजिम हुनेछ । | घ) नियम ५ (८) क. थप गर्ने , जिल्ला प्रशासन लगायत प्रचलित कानुन बमोजिम अन्य निकायमा समेत दर्ता भई यस नगर क्षेत्रमा कार्यक्षेत्र तोकि काम गर्न चाहने संघ संस्थाहरुले तोकिए बमोजिमका कागजात सहित सूचिकरण गर्नु पर्नेछ ,कार्यक्रम संचालनका आधारमा हरेक वर्ष सुचिकरण नवीकरण गर्दै जानु पर्नेछ ।<br><br>ङ) नियम ११ क. थप गर्ने , यस नगरक्षेत्रमा संचालित गैरसरकारी संघसंस्थाको नियमन तथा अनुगमन निरन्तर गरिनेछ र उक्त अनुगमन कार्यमा अनुगमन समितिका अतिरिक्त कार्यालय, सम्बन्धित शाखा र महाशाखा प्रमुख सहभागी हुनेछन् ।<br><br>नियम ११ ख. थप गर्ने , यस नगर क्षेत्रमा कार्यक्रम संचालन गर्ने संघसंस्थाहरुले आफ्नो कार्यक्रम श्रोत खुलाई नगर सभामा पेश गर्नु पर्नेछ र कार्यप्रगति उपलब्धिका विषयमा चौमासिक बार्षिक प्रतिवेदन नगरकार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ ।<br><br>नियम ११ ग. थप गर्ने , कानून बमोजिम दर्ता भएका संस्था कुनै कारणले विघटन खारेज भएकोमा सरकारी बाँकी असुल उपर गरी बाकी रहेको चल अचल सम्पत्तिको हकमा संघीय तथा स्थानीय कानून बमोजिम हुनेछ । |

**प्रस्ताव नं.९६.९**

**बुटवल उपमहानगरपालिकाको आर्थिक कार्यसंचालन निर्देशिका, २०७८ मा संशोधन सम्बन्धमा ।**

**निर्णय नं.९६.९**

बुटवल उपमहानगरपालिकाको आर्थिक कार्यसंचालन निर्देशिकामा संशोधन गर्न आवश्यक भएको हुँदा उक्त निर्देशिकामा देहाय बमोजिम हुने गरी संशोधन गर्ने निर्णय गरियो ।

| सि.नं. | परिच्छेद, दफा, उपदफा | भएको व्यवस्था | थप हुनुपर्ने व्यवस्था | कारण |
|---|---|---|---|---|
| १. | परिच्छेद ५, दफा ९ को उपदफा २ | .....सवारी चालक अनुमतिपत्र प्रतिलिपि अनिवार्य रुपमा कार्यालयमा पेश गर्नु | .....सवारी चालक अनुमतिपत्र प्रतिलिपि अनिवार्य रुपमा कार्यालयमा पेश गर्नु | एकाघर परिवारको नाममा रहेको ब्लूबुकलाई पनि मान्यता दिई कर्मचारीलाई इन्धन सुविधा उपलब्ध |

| | | | | |
|---|---|---|---|---|
| | | पर्नेछ। ब्लूबुकको र सम्बन्धित कर्मचारीको नाममा ....... | पर्नेछ। **सम्बन्धित कर्मचारी वा निजको एकाघर परिवारको नाममा रहेको** ब्लूबुकको र सम्बन्धित कर्मचारीको नाममा ....... | गराउनुपर्ने देखिएकाले, |
| २. | परिच्छेद ६, दफा १२ को उपदफा ४ | महाशाखा प्रमुख/शाखा प्रमुख/ हरुलाई मासिक एक हजार.............. | महाशाखा प्रमुख/शाखा प्रमुख/**कलष्टर प्रमुख** हरुलाई मासिक एक हजार............. | कार्यजिम्मेवारीको आधारमा सञ्चार सुविधा उपलब्ध गराउनुपर्ने देखिएकाले, |
| ३. | परिच्छेद ७, दफा १५ को उपदफा २ खण्ड ज थप गर्ने | | ज. कार्यक्रममा सहभागी हरुलाई स्वीकृत कार्यक्रम बजेटको सिमा भित्र रही बढीमा ५००/- सम्म यातायात खर्च वा सहभागी भत्ता उपलब्ध गराउन सकिने छ। | यातायात/सहभागी भत्ता स्पष्ट तोक्नुपर्ने देखिएकाले, |

**प्रस्ताव नं.९६.१०**

**एक विद्यालय एक उद्यम कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८ टेवुल गर्ने सम्बन्धमा।**

**निर्णय नं.९६.१०**

कार्यालयबाट तयार भई आजको बैठकमा प्रस्तुत हुन आएको एक विद्यालय एक उद्यम कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८ टेवुल भयो।

**प्रस्ताव नं.९६.११**

**विद्युतीय रिक्सा संचालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, २०७६ (प्रथम संशोधन, २०७८) संशोधन सम्बन्धमा।**

**निर्णय नं.९६.११**

विद्युतीय रिक्सा संचालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, २०७६ मा संशोधन गर्नुपर्ने भएको हुँदा उक्त कार्यविधिमा देहाय बमोजिम हुने गरी संशोधन गर्ने निर्णय गरियो।

| सि.नं | दफा/उप दफा नं. | साविकको व्यवस्था | संशोधन हुनुपर्ने | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १ | परिच्छेद ३ को दफा ११ उपदफा (३) | उपदफा (१) वमोजिमको विद्युतीय रिक्साको संख्या एकिन गरी निर्धारण नभएसमका लागि नगर क्षेत्रभित्र सञ्चालन भई नर कार्यपालिकावाट मिति २०७३/०४/२१ गते | उपदफा (१) वमोजिमको विद्युतीय रिक्साको संख्या एकिन गरी निर्धारण नभएसमका लागि नगर क्षेत्रभित्र सञ्चालन भई नर कार्यपालिकावाट मिति ०७८/१२/०७ गते सम्म | हालको सडकक्षेत्रमा भएको वृद्धि र जनघनत्व वृद्धि भएका कारण |

| | | | | |
|---|---|---|---|---|
| | | प्रकाशित सूचना वमोजिम एकिन भएको संख्या एक हजार अठार मात्र कायम हुनेछ। | रुट इजाजत प्रदान गरिएको संख्या समेत गरी जम्मा एक हजार चार सय चालिस मात्र कायम हुनेछ। | |
| २ | परिच्छेद ५ को दफा १६ उपदफा(१) क | पहिलो पटक भएमा रु.५००/जरिवाना दोस्रो पटक भएमा सोही कसुर गरेमा रु.७५०/ तेश्रो पटक सोही कसुर गरेमा रु.१०००/ जरिवाना हुनेछ । तीन पटक भन्दा वढी पटक पटक सोही कसुर गरेमा दर्ता अनुमति र रुट परमिट खारेज हुनेछ। | पहिलो पटक भएमा रु.१५००/(ट्राफिक कार्यालयवाट हुने समेत ) जरिवाना दोस्रो पटक देखि क्रमशः ५००/ थप जरिवाना हुदै जानेछ । पांच पटक भन्दा वढी पटक पटक सोही कसुर गरेमा दर्ता अनुमति र रुट परमिट खारेज हुनेछ । | ट्राफिक व्यवस्थापनमा सहजता ल्याउन र नियमन गर्नका लागि । |
| ३ | परिच्छेद ६ को दफा १८ उपदफा (४) क | जरिवानावाट नगर कार्यपालिकाको संचित कोषमा जम्मा भएपछि प्रत्येक ३/३ महिनामा २५ प्रतिशत रकम दफा १७ वमोजिमको श्रमिक कल्याण राहत कोषमा दाखिला गर्ने र २५ प्रतिशत रकम नगरको ट्राफिक व्यवस्थापनको अनुगमन नियमन गर्न ५ नं.ट्राफिक प्रहरी कार्यालयलाई उपलब्ध गराइनेछ। जरिवानावाट प्राप्त हुने उक्त रकम ट्राफिक प्रहरी कार्यालयले अनुगमनमा संलग्न प्रहरीलाई प्रोत्साहन तथा कार्यालय व्यवस्थापनमा खर्च गर्न सक्नेछ। | जरिवानावाट नगर कार्यपालिकाको संचित कोषमा जम्मा भए पछि प्रत्येक ३/३ महिनामा २५ प्रतिशत रकम दफा १७ वमोजिमको श्रमिक कल्याण राहत कोषमा दाखिला गर्ने र २५ प्रतिशत रकम नगरको ट्राफिक व्यवस्थापनको अनुगमन नियम गर्न ५ नं.ट्राफिक प्रहरी कार्यालयलाई र १० प्रतिशत रकम नगर प्रहरी र व्यवस्थापनमा खट्ने कर्मचारीलाई प्रोत्साहन स्वरुप उपलब्ध गराइने छ । जरिवानावाट ट्राफिक प्रहरी कार्यालयलाई प्राप्त हुने उक्त रकमवाट ट्राफिक प्रहरी कार्यालयले अनुगमनमा संलग्न प्रहरीलाई प्रोत्साहन तथा कार्यालय व्यवस्थापनमा खर्च गर्न सक्नेछ। | ट्राफिक व्यवस्थापनमा सहजता ल्याउन र नियमन कार्यलाई प्रभावकारी वनाउनका लागि । |
| ४ | ५ नं प्रदेश भनिएको स्थानमा लुम्विनी प्रदेश उल्लेख गर्ने । | | | |

प्रस्ताव नं.९६.१२

**सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधि, २०७८ टेवुल गर्ने सम्बन्धमा ।**

निर्णय नं.९६.१२

कार्यालयबाट तयार भई आजको वैठकमा प्रस्तुत हुन आएको सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधि, २०७८ टेवुल भयो ।

प्रस्ताव नं.९६.१३

**महिला स्वास्थ्य स्वयंसेविका (सेवा तथा सुविधा) सम्बन्धी निर्देशिका, २०७८ स्वीकृत सम्बन्धमा ।**

निर्णय नं.९६.१३

कार्यालयबाट तयार भई आजको वैठकमा प्रस्तुत हुन आएको महिला स्वास्थ्य स्वयंसेविका (सेवा तथा सुविधा) सम्बन्धी निर्देशिका, २०७८ माथि दफावार छलफल गरियो । पेश भए बमोजिमको निर्देशिका आवश्यक समेत भएको हुँदा स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.९६.१४

**पशुबधशालाको निर्माण कार्यको म्याद थप सम्बन्धमा ।**

निर्णय नं.९६.१४

बुटवल उपमहानगरपालिका वडा नं. १० रामनगर स्थित औद्योगिक क्षेत्र परिसरमा निर्माणाधिन आधुनिक पशुवधशाला निर्माण कार्यका लागि आ.व. २०७६/०७७ को स्वीकृत बजेट नीति तथा कार्यक्रम अन्तर्गत ठे.नं.५०/२०७६/०७७ को ठेक्का श्री शिवशक्ति कन्स्ट्रक्सन कम्पनी प्रा.लि., नयाँवानेश्वर काठमाण्डौं र बुटवल उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय वीच मिति २०७७।०३।०१ मा मिति २०७८।०८।२९ भित्र कार्यसम्पन्न गर्ने गरी संझौता भई कार्यादेश दिईएकोमा देशमा दोश्रो चरणको कोरोना महामारी Covid-19 को संकमणको जोखिमका कारण जनाई म्याद थपको निवेदनका आधारमा प्रथम पटक मिति २०७८ चैत्र मसान्त सम्म म्याद थप गरिएकोमा निर्माण व्यवसायीबाट पुनः दोश्रो पटक २०७९ असार मसान्तसम्म म्याद थपको लागिं निवेदन पेश भएको र प्राविधिकबाट समेत उक्त आयोजनामा प्रयोग हुने कतिपय सामानहरु विदेश (भारत) बाट आयात गर्नु पर्नेमा लकडाउनका कारण सामान आपूर्ति गर्न असहज भएको, लकडाउन खुले तापनि सो को प्रभाव रही रहेको, पूर्व पश्चिम लोकमार्ग सडक निर्माण कार्यले उक्त आयोजनामा जाने प्रवेश द्धार अवरोध भएकोले सामान ओसार पसार गर्न सहज वातावरण नभएको समेतका कारण तोकिएको समयमा कार्य सम्पन्न हुन नसक्ने देखिएको हुदाँ माग बमोजिम म्याद थप गर्न मनासिव हुने राय पेश हुन आएको । साथै खरिद संझौताको म्याद थप गर्ने सम्बन्धमा बुटवल उपमहानगरपालिका नगर कार्यपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ को नियम १२९ को उपनियम (३) मा उपनियम (२) बमोजिम जाँचबुझ गर्दा निवेदनमा उल्लेखित कारण मनासिव देखिएमा ६ (छ) महिनासम्मको अवधि वोलपत्र स्वीकृत गर्ने अधिकारी र सोभन्दा बढी अवधिको कार्यपालिकाले थप गर्न सक्नेछ भन्ने कानूनी व्यवस्था, निवेदकको माग निवेदन र प्राविधिकको राय समेतका आधारमा कार्यालयलाई थप आर्थिक व्ययभार नपर्ने गरी दोश्रो पटक मिति २०७९।०१।०१ देखि २०७९।०३।३१ गतेसम्म अर्थात ३ (तीन) महिना म्याद थप गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.९६.१५**
**वडा नं.३ स्थित गोलपार्क देखि चिडियाखोला सम्मको सडकको भेरिएसन सम्बन्धमा ।**
**निर्णय नं.९६.१५**
बुटवल उपमहानगरपालिकाको आ.व २०७८।०७९ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत बुटवल उपमहानगरपालिका वडा नं. ३ स्थित चिडियाखोला देखि दुर्गामन्दिर सडक निर्माण कार्यका लागि बुटवल उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय र श्री दास निर्माणसेवा बु.उ.म.न.पा.-८ वीच मिति २०७८।०८।०५ मा उक्त कार्य मिति २०७८।०१।०४ गते भित्र सम्पन्न गर्ने गरी संभौता भएको । आयोजनाको निर्माण कार्य गर्ने सिलसिलामा सम्बन्धित टोल विकास संस्था र स्थानीयबासीबाट योजनाको ठेक्का बन्दोवस्त हुंदा घटी भएको रकम उपयोग हुने गरी थप कार्य अगाडि बढाउन माग भई आएको, नयां ठेक्का बन्दोवस्त गर्न भन्दा साविककै २७.०७ प्रतिशत घटी ठेक्का सकार भएको व्यवसायीबाटै कार्य गराउन मनासिव हुने देखिएकोले संभौता अंकको २४.७५% प्रतिशत हुने रकम रु.१३,१७,९५१।०३ सोही आयोजना निर्माणको लागि चालु आ.व. मा ठेक्का बन्दोवस्त भई वचत हुन गएको रकम मध्येबाट बजेट व्यवस्था गरी उक्त निर्माण कार्य सुम्पन्न गर्नका लागि Variation Order स्वीकृत गर्नु पर्ने देखिएकोले सार्वजनिक खरिद (संशोधन सहित) ऐन, २०६३ को दफा ५४ तथा बुटवल उपमहानगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ को नियम १२७ को उपनियम १ को खण्ड ग बमोजिम पन्ध्र प्रतिशत भन्दा माथिको भेरिएसन आदेश कार्यपालिकाले स्वीकृत गर्न सक्ने व्यवस्था भए बमोजिम उक्त खरिद सम्झौताको लागि पेश भएको देहाय बमोजिमको विवरण सहितको Variation Order स्वीकृत गर्ने निर्णय गरियो ।

| सि.नं. | विवरण | स्वीकृत बजेट रु. | ठेक्का सम्झौता रकम | भेरिएशन सहितको रकम | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | वडा नं. ०३ स्थित चिडिया खोला देखि दुर्गा मन्दिर सडक निर्माण कार्य | ७५,००,०००। | ५३,३३,२६४।५० | ६६,४२,८३०।९३ | |
| | स्वीकृत ठेक्का अंक भन्दा बढी रु. | | | १३,१७,९५१।०३ | २४.७५% |

**प्रस्ताव नं.९६.१६**
**राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणसँग लागत साझेदारीमा कार्यसंचालन गर्ने सम्बन्धमा ।**
**निर्णय नं.९६.१६**
मिति २०७८ असार १ गते, २०७८।०५।१४ र २०७८।०६।१४ गतेका दिनहरुमा परेको अविरल बर्षाका कारण यस बुटवल उपमहानगरपालिका र उपमहानगरपालिकाभित्रका नदी तटीय क्षेत्र तथा खोलाको क्षेत्रमा भएका बस्ती तथा बुटवल उपमहानगरपालिका वडा नं.३ र ४ अन्तर्गतको ज्योतिनगर तथा लक्ष्मीनगर क्षेत्रका बस्तीमा चुरे क्षेत्रबाट खसेको पहिरोबाट ठूलो क्षति पुगेको र अति नै जोखिमयुक्त भएको हुँदा उक्त क्षेत्रको संरक्षणको लागि प्राविधिक लागत ईष्टिमेट बमोजिम राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA) र बुटवल उपमहानगरपालिका (विपद व्यवस्थापन कोषबाट खर्च हुने गरी) को लागत साझेदारीका लागि देहाय अनुसार लागत साझेदारी गर्ने निर्णय गरियो ।

| क.सं. | गर्नुपर्ने कार्यको विवरण | प्राविधिक लागत अनुमान | NDRRMA ले व्यहोर्नुपर्ने रकम | नगरपालिकाले व्यहोर्नुपर्ने | कैफियत |
|---|---|---|---|---|---|
| १ | बुटवल ३ र ४ ज्योतिनगर तथा लक्ष्मीनगरको चुरे क्षेत्रमा गएको पहिरो नियन्त्रण तथा रोकथामका लागि | १,००,००,०००।- | ९०,००,०००।- | १०,००,०००।- | |

**प्रस्ताव नं.९६.१७ विविध ।**
**प्रस्ताव नं.९६.१७.१**
**चालु आ.व. ०७८।०७९ को दोस्रो चौमासिक सम्मको आय व्यय विवरण सम्बन्धमा ।**
**निर्णय नं.९६.१७.१**

रकम रु लाखमा

चालु आव को दोश्रो चौमासिक सम्मको बजेट खर्च अवस्था

| शीर्षक | विनियोजित बजेट | हाल सम्म खर्च | प्रतिशत |
|---|---|---|---|
| चालु खर्च | १०,८७८ | ४,८५२ | ४४.६० |
| पूजिगत खर्च | १४,६९८ | ६,१५२ | ४१.८६ |
| वित्तीय खर्च | ८०.०० | ५१.६२ | ६४.५३ |
| **जम्मा** | २५,६५६ | ११,०५६ | ४३.०९ |

चालु आवको फाल्गुण सम्मको आयको अवस्था

| शीर्षक | अनुमानित | हाल सम्मको प्रगती | प्रतिशत |
|---|---|---|---|
| संघीय सरकार | ८२५१ | ४५१२ | ५४.६८ |
| प्रदेश सरकार | १,३१३ | ३६८ | २८.०३ |
| राजस्व बाडफाट | ३,४६७ | १५८३ | ४५.६६ |

| | | | |
|---|---|---|---|
| अन्तरिक श्रोत ऋण समेत | ७,६२५ | ३५५८ | ४६.६६ |
| बैंक मौज्दात | ५००० | ५१४१ | १०२.८२ |
| **जम्मा** | २५,६५६ | १५,१६२ | ५९.१० |

**प्रस्ताव नं.९६.१७.२**

**कम्पोष्ट प्लान्ट निर्माणको लागि विस्तृत अध्ययन प्रतिवेदन सम्बन्धमा ।**

**निर्णय नं.९६.१७.२**

बुटवल उपमहानगरपालिका कार्यालय र शिवनगर सामुदायिक वन उपभोक्ता समुह बीच भएको सम्झौता बमोजिम शिवनगर सामुदायिक वनमा कम्पोष्ट प्लान्ट निर्माणका लागि कार्य अगाडि बढेको र उक्त कार्य थप प्रभावकारी रुपमा गर्नका लागि विस्तृत ईन्जिनियरिङ्ग सर्वेक्षण र डिजाइन सम्बन्धी अध्ययन श्री ड्रिमलाईन ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. भरतपुर चितवनबाट गराईएकोमा उक्त परामर्शदाताले पेश गरेको विस्तृत ईन्जिनियरिङ्ग सर्वेक्षण र डिजाइन सम्बन्धी अध्ययन प्रतिवेदन प्रस्तुत भई छलफल गरियो । प्राप्त राय सुझावहरु समेत समावेश भएको पाईएको हुँदा परामर्शदाताबाट प्राप्त विस्तृत ईन्जिनियरिङ्ग सर्वेक्षण र डिजाइन सम्बन्धी अध्ययन प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.९६.१७.३**

**लाभग्राही सूचीमा समावेश गर्ने सम्बन्धमा ।**

**निर्णय नं.९६.१७.३**

मिति २०७८ असार १ गते, २०७८।५।१४ गते र २०७८।६।१४ गतेका दिनहरुमा परेको अविरल बर्षबाट यस उपमहानगरपालिका भित्रका नदी तटीय क्षेत्र तथा खोलाको क्षेत्रमा भएका बस्ती तथा बुटवल उपमहानगरपालिका वडा नं.३ र ४ अन्तर्गतको ज्योतिनगर तथा लक्ष्मीनगर क्षेत्रका बस्तीमा चुरे क्षेत्रबाट खसेको पहिरोबाट प्रभावित तथा वडा नं.१२ का अग्नि पीडित र बाढी पीडित भएका देहायका घरपरिवारहरुलाई राष्ट्रिय विपद जोखिम प्राधिकरणको लाभग्राही सूचीमा कायम गर्नको लागि जिल्ला विपद् व्यवस्थापन समिति, रुपन्देहीमा सिफारिस गर्ने निर्णय गरियो ।

**बाढी तथा पहिरोबाट प्रभावित पुर्ननिर्माणको लागि लाभग्राही विवरण**

| सि.नं. | नाम थर | वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | सत्य नारायण शर्मा | ३ | |
| २ | खिमा घर्ती क्षेत्री | ३ | |
| ३ | हेसाक अली | ३ | |
| ४ | भिमा दुबे | ३ | |
| ५ | मन कुमारी शर्मा | ३ | |
| ६ | अमर वि.क. | ३ | |

| | | | |
|---|---|---|---|
| ७ | यम बहादुर पुन | ३ | |
| ८ | मनी देवी पुन मगर | ३ | |
| ९ | सलिम मिया | ३ | |
| १० | भुपेन्द्र गुरुङ्ग | ३ | |
| ११ | प्रेम प्रसाद आचार्य | ३ | |
| १२ | कृष्ण दत्त पाण्डे | ३ | |
| १३ | भिम बहादुर गुरुङ्ग | ३ | |
| १४ | गणेश पंगेनी | ३ | |
| १५ | हरिश ढकाल | १२ | बाढी पीडित |
| १६ | गोपाल पाण्डे | १२ | अग्नि पीडित |
| १७ | मिना मरासिनी | १२ | अग्नि पीडित |
| १८ | तोयानाथ पाण्डे | १२ | अग्नि पीडित |
| १९ | लक्ष्मी म्याच ईन्डष्ट्रीज प्रा.लि. | १६ | अग्नि पीडित |
| २० | फुडमाया रेष्टुरेण्ट (हकिम वर्सि) | १ | अग्नि पीडित |
| २१ | दालमोठ उद्योग | २ | अग्नि पीडित |

**प्रस्ताव नं.९६.१७.४**
**नेपाल नगरपालिका कर्मचारी एशोसियसनको भवन बहुवर्षिय योजनामा समावेश गर्ने गुरी निर्माण प्रकिया अगाडि बढाउने सम्बन्धमा ।**
**निर्णय नं.९६.१७.४**
नेपाल नगरपालिका कर्मचारी एशोसिएसन इकाई समितिको भवन नगरपालिकाको कार्यालयको नवनिर्मित मुख्य प्रशासनिक भवनको उत्तर तर्फ रहेको र प्रशासनिक भवन निर्माणको क्रममा निकासमा पर्न गई हटाउन पर्ने भएको र उक्त एशोसिएसनको भवन निर्माण प्रयोजनका लागि प्राविधिकबाट भ्याट र कन्टेन्जेन्सी सहित रु.७२२२५७९।८२ को ल.ई. भई आएको र चालु आ.व. को स्वीकृत कार्यक्रममा रु.१० लाख बजेट समेत व्यवस्था भएको हुँदा उक्त ल.ई. स्वीकृत गरी बहुवर्षिय योजना अन्तर्गत उक्त भवनको निर्माण प्रकिया अगाडि बढाउने निर्णय गरियो ।
**प्रस्ताव नं.९६.१७.५**
**सुविधा सम्बन्धमा ।**
**निर्णय नं.९६.१७.५**
विगतमा यस पालिकाले समुदाय स्तरमा फोहर व्यवस्थापनको लागि प्रवर्द्धन गरेको सघन सरसफाई कार्यान्वयन योजना समितिका लागि उक्त कार्यक्रमले राखेका कर्मचारीहरु हाल उक्त कार्यक्रम बुटवल सरसफाई तथा वातावरण संरक्षण सहकारी संस्था लि. बुटवल ७ मा समाहित भएको र सो

कार्यक्रममा निरन्तर काम गरेका निम्न बमोजिमका त्यहा कार्यरत कर्मचारीहरुलाई निजहरुले सरसफाई कार्यमा पुऱ्याएको योगदानको कदर गरी देहाय बमोजिम सुविधा उपलब्ध गराउने र यस पछाडीको निजहरुको दायित्व सोही सहकारीको प्रवन्ध बमोजिम हुने निर्णय गरियो ।

देहाय :

१.पाँच बर्षसम्म सेवा गरेकालाई प्रतिवर्ष रु.५००० (पाँच हजार) का दरले ।

२.पाँच बर्षभन्दा बढी दश बर्षसम्म सेवा गरेकालाई प्रतिवर्ष रु.६००० (छ हजार) का दरले

३.दश बर्ष भन्दा बढी पन्ध्र बर्षसम्म सेवा गरेकालाई रु.७५०० (सात हजार पाँच सय) का दरले ।

४.पन्ध्र बर्षभन्दा बढी बीस बर्ष सम्म सेवा गरेकालाई रु.८५०० (आठ हजार पाँच सय) का दरले ।

५.बीस बर्षभन्दा बढी सेवा गरेकालाई रु.९५०० (नौ हजार पाँच सय) का दरले ।

**प्रस्ताव नं.९६.१७.६**

**बहुबर्षिय ठेक्का सम्बन्धमा ।**

**निर्णय नं.९६.१७.६**

बुटवल उपमहानगरपालिकाको मिति २०७८।०९।२६ मा बसेको नगरसभाको दशौं अधिवेशनको दोस्रो वैठकबाट बहुवर्षिय कार्यक्रमको रुपमा स्वीकृत योजनाहरुको कैफियत महलमा उल्लेखित बजेट सीमाको आधारमा नभई आवश्यकता र औचित्यताको आधारमा ल.ई. अनुसार बजेटको सुनिश्चितता सहित आगामी नगरसभाबाट अनुमोदन गर्ने गरी बहुबर्षिय ठेक्का प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं.९६.१७.७**

**पहिरोजन्य पदार्थ हटाउने सम्बन्धमा ।**

**निर्णय नं.९६.१७.७**

बुटवल उपमहानगरपालिका वडा नं.३ र ४ अन्तर्गत २०७८ को बर्षको कारण चुरे क्षेत्रमा आएको पहिरोबाट मानव बस्तीमा क्षति पुगेको र वस्तीबाट बग्ने नाला तथा खोल्सीमा पहिरोजन्य पदार्थ थुप्रिई नालाहरुमा पानी बग्न समस्या भएको र पुन: बर्षा भई पहिरो आएमा उक्त पहिरोजन्य पदार्थ मानव वस्तीमा पसी क्षति हुने सम्भावना रहेकोले विपद् पूर्व तयारी अनुरुप हाल सो नाला तथा खोल्सीमा रहेको पहिरोजन्य पदार्थ तत्काल हटाउनुपर्ने भएको हुँदा उक्त कार्य वडा कार्यालयको प्राविधिक र जनप्रतिनिधि एवं सर्वदलीय सहमतिका साथ वन्दोवस्ती मिलाई वडा कार्यालयले नै ईच्छुक संस्थाबाट कार्य गराउने गरी मिति २०७८।१२।०८ मा बसेको CCMC को बैठकबाट समेत सिफारिस भई आएको हुँदा सोही अनुसार कार्यान्वयन प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं.९६.१७.८**
**रकमान्तर सम्बन्धमा ।**
**निर्णय नं.९६.१७.८**
चालु आ.व.को स्वीकृत कार्यक्रम मध्येको नश्ल सुधार शिर्षकको आन्तरिकतर्फ विनियोजित रु.३,००,०००।- को कार्यक्रम हाल संचालन एवं कार्यान्वयन नहुने भएको हुँदा बुटवल-१२ स्थित स्मार्ट कृषि कार्यक्रमसँग सहकार्य गर्ने गरी उल्लेखित रकम उल्लेखित कार्यक्रमका लागि रकमान्तर गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.९६.१७.९**
**जिम्मेवारी दिने सम्बन्धमा ।**
**निर्णय नं.९६.१७.९**
बुटवल उपमहानगरपालिका वडा नं.१० स्थित कालिकानगरमा निर्माणाधिन कालिका कराते कवर्ड हलको दिगो एवं सुव्यवस्थित संचालन व्यवस्थापनका लागि कालिका कराते डोजाङ्गसँग सम्झौता गरी जिम्मेवारी दिने निर्णय गरियो ।

**प्रस्ताव नं.९६.१७.१०**
**सिफारिस दस्तुर सम्बन्धमा ।**
**निर्णय नं.९६.१७.१०**
बुटवल उपमहानगरपालिका वडा नं.३ स्थित पहिरो पीडित क्षेत्र (बमघाट) का अव्यवस्थित वासिन्दाहरुको खानेपानीको धारा जडान प्रयोजनका लागि सिफारिस गर्दा रु.३००।- मात्र सिफारिस दस्तुर लिने व्यवस्था मिलाउने निर्णय गरियो ।

**प्रस्ताव नं.९६.१७.११**
**बजेट व्यवस्था सम्बन्धमा ।**
**निर्णय नं.९६.१७.११**
बुटवल उपमहानगरपालिका वडा नं.११ स्थित सिरान गाउँ मजुवा क्षेत्रमा अस्थायी रुपमा ल्याल्डफिल्ड साईटको व्यवस्था गर्नुपर्ने भएको हुँदा उक्त साईड क्षेत्रका सडकहरुको पूर्वाधार निर्माण प्रयोजनका लागि रु.५०००००।- बजेट व्यवस्था गरी कार्यान्वयन प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं.९६.१७.१२**
**दर्ता तथा रुट इजाजत सम्बन्धमा ।**
**निर्णय नं.९६.१७.१२**
विद्युतीय रिक्सा दर्ता प्रकृयाका लागि विगतमा गरिएको सूचना बमोजिम आवेदन दिएकाहरुलाई अव प्रकृयामा जाँदा पहिलो प्राथमिकतामा राखी दर्ता तथा रुट इजाजत प्रदान गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.९६.१७.१३
रकमान्तर सम्बन्धमा ।
निर्णय नं.९६.१७.१३

बुटवल उपमहानगरपालिका अन्तर्गत रहेका र लामो समयसम्म खेलकुदको क्षेत्रमा योगदान गरेका देहाय बमोजिमका खेलकुद संघ संस्थाहरुले कार्यक्रम संचालनको लागि तथा खेलकुद पूर्वाधार विकासको लागि बजेट माग गरेको र तोकिएको शिर्षकमा बजेट व्यवस्था नभएको तथा नपुग थप रकम तिलोत्तमा गोल्डकप र नेपाल खेलकुद महासंघ गतिविधि शिर्षकबाट रकमान्तर गरी देहाय बमोजिमका कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

| क.स. | रकमान्तर कार्यक्रम | रहेको स्थान | कार्यक्रम | रकमान्तर रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | आदर्श स्पोर्टस क्लव | वडा नं.४ | पूर्वाधार विकास | २५००००।- | |
| २. | रुपन्देही क्रिकेट संघ | बुटवल | जे.भी. प्रेसिडेन्ट क्रिकेट कप २०७८ प्रतियोगिता | २५०००।- | |
| ३. | भुपु सैनिक जबई स्पोर्टर्स क्लव | बुटवल १३ | भेट्रान फुटवल प्रतियोगिता | १०००००।- | |
| ४. | रामनाथ ढकाल स्मृति कप (अखिल कप) | अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन | जिल्ला स्तरीय अन्तर कलेज भलिवल प्रतियोगिता | २५०००।- | |
| ५. | प्रदेश स्तरीय मिडिया कप डोरीतान प्रतियोगिता | सवल मिडिया ग्रुप प्रा.लि. | डोरीतान प्रतियोगिता | ४००००।- | |
| ६. | मनमोहन स्मृति कप नपुग रकम | राष्ट्रिय युवा संघ | १६ औं मनमोहन स्मृति रनिङ्ग शिल्ड नकआउट फुटवल प्रतियोगिता २०७८ | १०००००।- | |
| ७. | प्रथम मिस्टर रुपन्देही बडी बिल्डीङ्ग च्याम्पेनसिप | | | २५०००।- | |
| ८. | वडा कप ड्रेस | वडा नं.९ र ७ | | ३००००।- | |
| | कुल जम्मा | | | ५९५०००।- | |

**प्रस्ताव नं.९६.१७.१४**
**म्याद थप सम्बन्धमा ।**
**निर्णय नं.९६.१७.१४**
यस कार्यालयमा संचालित चमेनागृहका संचालकले चमेनागृहको अवधि समाप्त भएको र यस अवधिमा करिव २ बर्ष कोभिड-१९ का कारण व्यवसायमा मन्दी आएको र व्यापार व्यवसायमा परेको प्रतिकुल प्रभाव समेतलाई मध्यनजर गरी नगरकार्यपालिकाको कार्यालयबाट सटर भाडामा लगाइएका अन्य व्यवसायीहरुलाई पनि साविक बमोजिमकै सेवा शर्तमा २ बर्षसम्म सम्झौता अवधि थप भएको सन्दर्भमा मेरो मर्का समेत सम्बोधन हुने गरी म्याद थप गरी पाउँ भनी मिति २०७८।१०।२६ मा दिएको निवेदन उपर छलफल हुँदा उल्लेखित पृष्ठभुमिलाई दृष्टिगत गरी साविककै सेवा शर्त बमोजिम हुने गरी सम्झौता समाप्त भएका मितिले हाललाई बढीमा १ बर्ष मात्र म्याद थप गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.९६.१७.१५**
**सहयोग सम्बन्धमा ।**
**निर्णय नं.९६.१७.१५**
विभिन्न संघसंस्था एवं व्यक्तिहरुबाट सहयोग माग भई आएका निवेदनहरु आजको बैठकमा प्रस्तुत भई छलफल भयो । पेश भए बमोजिम देहायका संघसंस्था एवं व्यक्तिहरुलाई देहाय बमोजिमको प्रयोजनको लागि देहाय बमोजिमको सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

| सि.नं. | व्यक्ति/संस्था | प्रयोजन | रकम |
|---|---|---|---|
| १. | तमुपेलु संघ, बुटवल १३ | गुम्वाको ट्रस निर्माण | रु.२,००,०००।- |
| २. | सिद्धबाबा वेदआश्रम, बुटवल ३ | अधुरो भवन निर्माण अनुदान (सिद्धबाबा विकास समिति) | रु.२,००,०००।- |
| ३. | पवित्रनगर खेल मैदान, बुटवल १२ | तारवार | रु.२,००,०००।- |
| ४. | भानु पारिजात टोल विकास संस्था, बुटवल ८ | गेट निर्माण | रु.१,००,०००।- |
| ५. | विश्वकर्मा मन्दिर, बुटवल ७ | रंगरोगन | रु.१,००,०००।- |
| ६. | सिचाई प्रणाली, वडा नं.१२ र १३ | ६ नं. तपाहाको हेडवक्स सरसफाई | रु.१,००,०००।- |
| ७. | जय महालक्ष्मी म्याच इन्डष्ट्रीच प्रा.लि., वडा नं.१६ | आगलागी भएको हुँदा सहयोग | रु.१,००,०००।- |
| ८. | नेपाल औषधी व्यवसायी संघ | व्यवसायिक साझेदारी सहयोग, बुलेटिन प्रकाशन | रु.१,००,०००।- |
| ९. | बमघाट टोल विकास संस्था, वडा नं.३ | अवलोकन भ्रमण | रु.७०,०००।- |
| १०. | अखिल नेपाल महिला संघ | विज्ञापन सहयोग | रु.५०,०००।- |
| ११. | ईन्द्र बहादुर छन्त्याल, बुटवल ४ | सहयोग | रु.५०,०००।- |
| १२. | कियटिभ युथ क्लव | विपद् जोखिम न्यूनिकरण कार्यक्रम | रु.४०,०००।- |
| १३ | प्रेस चौतारी रुपन्देही | कार्यक्रम सहयोग | रु.४०,०००।- |
| १४ | नृत्य निर्देशक संघ नेपाल लुम्विनी प्रदेश | मजुर नृत्य कार्यशाला | रु.३०,०००।- |

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदै प्रमुखज्यूबाट वैठक समाप्त भएको जानकारी गराउनु भयो ।